केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१७/०७०/७१ मिति: २०७०/०९/२५

**"क" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकको लागि जारी पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१६/०७०/७१ मिति २०७०/०९/०७ को निर्देशनलाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

*"अब उप्रान्त नेपाल राज्यस्थित बैंकका शाखा/कार्यालयहरुले आफूसँग बढी भएको रकम डिपोजिट गर्न फण्ड ट्रान्सफर गर्दा तथा आफूलाई रकमको आवश्यक परी भुक्तानी लिनु पर्दा यस बैंकका पायक पर्ने वा नजिकका कार्यालयहरु वा यस बैंकले नोटकोष राखेका अन्य बैंकका पायक पर्ने वा नजिकका कार्यालयहरुमा त्यस्तो डिपोजिट गर्ने र सोही कार्यालयहरुबाट भुक्तानी लिने कार्य गर्नु पर्नेछ । यसै गरी नोटकोष रहेका बैंक शाखाहरुले समेत अन्य बैंकका शाखा/कार्यालयहरुलाई सरल, सहज र सुलभ तरिकाबाट डिपोजिट गरिदिने र भुक्तानी दिने सुविधा उपलब्ध गराउनु पर्नेछ ।*

*तर यथोचित सुरक्षा व्यवस्था गरी केन्द्रीय कार्यालयको पूर्व स्वीकृति लिई बैंकका शाखा/कार्यालयहरुले नजिकमा रहेका आफ्नै वा अन्य बैंकका शाखा/कार्यालयहरु बीच अन्तर शाखा/बैंक कारोवार गर्न उपर्युक्त व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।"*

भवदीय,

(पूर्णबहादुर खत्री)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं ।